# क्रिसमसको बारेमा सत्य१

Pastor S. James

**Dec. 29th, 2022**

*प्रार्थना*

*प्रभु धन्यबाद , धन्यबाद , धन्यबाद प्रभु धन्यबाद तपाईले हामिलाई आज सम्म समाल्नु भयो यो पुरा साल समालेर आज यहाँ सम्म पुराउनुमा तपाईको अनुग्रह र कृपाले हो प्रभु धन्यबाद , धन्यबाद प्रभु धन्यबाद । आदरको योग्य तपाइ मात्र , प्रसंसाको योग्य तपाइ मात्र यो समय हाम्रो प्राण आत्मा शरिर तपाईको हातमा राख्दछु बाकि सोचबिचार सबै थोक अलग राखेर तपाईको बचन माथी ध्यान राख्नलाई सहायता गर्नुस । शिक्षा दिनुस बात चित गर्नुस् जीबनको वाक्य सिर्फ तपाई संग मात्र छ पवित्र आत्मा सिकाउनुस् हामिलाई अझै सत्यमा चलाउनुहोस् सबै थोक तपाईको चरणमा राख्दछु येशुको नाममा माग्दछु आमेन ।*

हामी आज प्रेमको बारेमा सिक्ने छौ ।

१ कोरिन्थी १३:१३ [13] **यसैले, यी तिन कुराहरू रहिरहनेछन् विश्वास, आशा र प्रेम। अनि यिनीहरूमा सबैभन्दा ठूलो हो प्रेम।**
गलाति ५:६ [6] **कोही ख्रीष्ट येशूमा छ भने त्यसको खतना भएको छ कि छैन त्यो कुनै मुख्य कुरो होइन। तर मुख्य कुरो त हो विश्वास जुन प्रेमबाट आफै प्रकट हुन्छ।**

बिश्वास ,आसा र प्रेम यि तिनमा प्रेम चाहि सबैभन्दा ठुलो हो । परमेश्वरले हाम्रो लागि सबै कुराहरु उहाको प्रेमको कारणले गर्नुभयो । उहाको प्रेमको कारणले गर्दा हामिले आसा पाएका छौ । परमेश्वर प्रेम नभएको भए हामी संग आसा हुने थिएन । क्रिष्टमस भनेको आसाको ऋतु हो । परमेश्वर धर्मी र पवित्र मात्र भएको भए हामी संग आसा हुनेथिएन निरासा मात्र हुन्थ्यो । किनभने उहाको धार्मिकतामा र उहाको पबित्रतामा मान्छे कहिल्यै पनि पुग्न सक्दैन । किनभने परमेश्वर न्याय र पबित्र भएको कारणले गर्दा होईन मात्र परमेश्वर प्रेमी भएको कारणले गर्दा हो । यहुन्ना ३:१६ मा यसरी लेखेको छ । उहाँले यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्नो एक मात्र पुत्रलाई हाम्रो लागि दिनुभयो किनभने परमेश्वर प्रेम मात्र भएको कोरणले होईन तर उहाँ धर्मि र न्याय भएको कारण उहाँले आफ्नो एक मात्र पुत्रलाई हाम्रो लागी त्यो क्रुसमा जानको लागि पठाउनु भयो । । उद्धारको लागि एउटा मात्र बाटो छ जाहाँ परमेश्वरको प्रेम , धार्मिकता जब क्रुसमा मिल्छ । त्यसकारणले जब हामि क्रिष्टमस मनाउदा खेरी यो सत्यलाई बिंसनु हुदैन । क्रिष्टमस तिहार होईन , यो एकदम ठुलो सत्य हो । त्यो सत्यले हाम्रो मुक्ति लिएर आयो परमेश्वरको बचनमा यो लेखेको छ एउटा कुरा मात्र असल छ त्यो हो प्रेम द्वारा गर्ने बिश्वास बिश्वास जो हामी येशु मशिहमा राख्छौ । सबैले गर्ने बिश्वास होईन परमेश्वर बाट आउने एउटा बिश्वास जुन बिश्वास मात्र येशुमा राखिन्छ । प्रेरितको पुस्तकमा यस्तो भन्छ पस्चाताप परमेश्वरको तर्फ र बिश्वास येशुको माथि हामीले परमेश्वरको बिरुद्धमा काम गरेकोकारण परमेश्वरको तर्फ हो पस्चाताप र यैशुले हो हाम्रो पापको लागि मरेको त्यसैले उहाको रगतमा हो हाम्रो बिश्वास ।

प्रेरीत २०:२१ [21] **मैले सबै यहूदीहरू अनि ग्रीकहरूलाई हृदय परिणत गर्न परमेश्वरमा आउनु भने। मैले तिनीहरू सबैलाई हाम्रो प्रभु येशूमाथि विश्वास गर भने**

भजन सग्रह मा दाउद ले भन्छन् मैले परमेश्वर तपाईको बिरुद्धमा काम गरे तर बिश्वास चाहि येशुमाथि हो ।यो सबै परमेश्वरको धार्मिकता ,पबित्रता र प्रेम सबै मिलाउनु पर्छ । किनभने यो सबै यशुको जन्म संग जोडिएको छ । परमेश्वर प्रेमी भएको कारणले हो मुक्तिको काम भएको । किन यैशुले भन्नुभयो यो संसारको दुख देखी नडराउनु किनभने मैले अनन्त कालको निम्ति मैले श्वर्गमा ठाउ तयार पारेको छु । हामी उहाँलाई प्रेम गर्छौ किनभने उहाँले हामीलाई पहिला प्रेम गर्नभयो । परमेश्वरले मलाई प्रेम गर्नुहुन्छ त्यसको सबुत क्रुशमा येशु मर्नु भयो । अको कुरा म परमेश्वरलाई प्रेम गर्छु कि गर्दिन ? यदि हामिले प्रेम गरे भनेपनि हामीले सोच्नु पर्छ कस्तो प्रेम हो
। हामी परमेश्वरलाई बच्चाको जस्तो प्रेम गर्न सक्छौ । पावलले कोरिन्थी को पुस्तकमा यसरी भन्छन् मैले बालक को रुप बाट म पपिक्वतामा गए हाम्रो प्रेम हमेसा बच्चाको जस्तो हुनुहुदैन ।

यहुन्ना १४:१५ [15] **"यदि तिमीहरूले मलाई प्रेम गर्यौ भने, तब तिमीहरूले मेरो आज्ञा पालन** गर्छन ।

प्रेम गर्नेहरु आज्ञा पालन गर्छन् । सिर्फ परमेश्वरको प्रेमको कारणले गर्दा उहाँको आज्ञा भारी होईन लेखेको छ । अगर एउटा ब्यक्तिमा प्रेम छैन भने उसलाई सानो भन्दा सानो कुरा गर भनेपनि त्यो त्यसको लागि भारी हुन्छ । अगर प्रेम छ भने जे जस्तो गर्नु परे पनि त्यो भारी हुदैन । किनभने प्रेममा एउटा शक्ति छ । बचनमा लेखेको छ यदि तिमी मलाई प्रेम गर्छौ भने मेरो आज्ञाहरु पालन गर्छौ । मान्छे बिवाह गरेपछि आफुलाई मन नपर्ने खाना पनि हामी खान्छौ । किनभने हामी बनाउनेलाई प्रेम गर्छौ । परमेश्वर धार्मिकतालाई प्रेम गर्नुहुन्छ । त्यसकारणले गर्दा हामीले पनि धार्मिकतालाई प्रेम गर्नुपर्छ । परमेश्वरले सत्यलाई प्रेम गर्नुहुन्छ त्यसैले हामी पनि सत्यलाई प्रेम गर्नु पर्छ । परमेश्वलले पबित्रतालाई प्रेम गर्नु हुन्छ त्यसैले हामीले पनि पबित्रतालाई प्रेम गर्नु पर्छ । प्रेम सबै भन्दा शक्तिसाली चिज हो र प्रेम कहिल्यै

मर्दैन । उहाँका आज्ञाहरु के के हुन् ति आज्ञा पालन गर्नको लागी हामीलाई उहाँको सत्य चाहिन्छ । सत्यको बिना उहाँको आज्ञा र उहाँको ईच्छा हामीलाई थाहाँ हुदैन । यो सबै थोक हाम्रो उद्धारको आसा संग र महिमाको आसा संग जोडिएको छ । परमेश्वरको ईच्छा

संग र परमेश्वरको सत्य संग दुईवटा कुरा जोडिएको छ । यो गर्नु यो नगर्नु जब हामी बचन पढ्दा खेरी मैले के गर्नुहुन्छ के गर्नु हुदैन यो दुबै कुरा खोज्नु पर्छ । यो दुबै कुराहरु जसले परमेश्वरलाई प्रेम गर्छ त्यसले खोज्छ ।

उत्पती २:१५ [15] तब परमप्रभु परमेश्वरले मानिसलाई लानु भयो अनि बगैंचा खन-जोत अनि हेरचाह गर्न उसलाई राख्नु भयो।

यो एउटा मुख्य सत्य हो । र सत्यले मात्र हामीलाई स्वतन्त्र गर्न सक्छ । उत्पति २:१५ अनुसार परमेश्वरले मान्छेलाई पहिला बगैचाको हेरचाह गर्ने काम दिनुभयो । मान्छे अल्छि बस्न हुदैन काम गर्नुपर्छ । परमेश्वरले पनि काम गर्नुहुन्छ बचनमा लेखेको छ परमेश्वरले ६ दिन काम गर्नु भयो र ७ औ दिन बिश्राम लिनुभयो । आजकल त ५ दिन मात्र मान्छे काम गर्छ । तर हामी त ६ दिन काम गर्नुपर्छ किनभने हाम्रो परमेश्वर ६ दिन काम गर्नुहुन्छ । परमेश्वरले पहिला काम गर्नु भन्नुभयो खानु पहिला भन्नुभएन । काम पछि परमेश्वरले खानु भन्नुभयो । त्यसैगरी नयाँ नियममा पनि प्रभु भन्नुहुन्छ काम नगर्ने ले त खादा पनि नखाओस् ।

उत्पति २:१६-१७ [16] परमप्रभु परमेश्वरले त्यस मानिसलाई आज्ञा दिनु भयो। परमप्रभु परमेश्वरले भन्नुभयो, "तिमीले कुनै चिन्ता बिना यस बगैंचाको कुनै पनि रुखबाट फलहरु खान सक्छौ।" [17] तर तिमीले त्यस रुखको कुनै फल खानु हुँदैन जसले असल र खराबको ज्ञान दिन्छ, किनभने जुन दिन तिमी त्यस रुखको फल खान्छौ निश्चयनै त्यस दिन तिमी आफै मर्

पबित्रतामा मान्छे लड्नु भन्दा अगाडि मान्छे पापी थिएनन् त्यतिखेर पनि मान्छेले काम गर्नु पर्थ्यो । आज पनि गर्नुपर्छ भबिष्यमा पनि गर्नुपर्छ । पापमा लड्नु भन्दा अगाडि परमेश्वरले मान्छेलाई यो बगैचाको सबै फल खान सक्छौ तर एउटा मात्र खान सक्दैनौ भन्नुभयो । पाप आए पछि परमेश्वरले मान्छेलाई १० आज्ञा दिनु भयो जसमा ८ वटा कुरा नगर्नु २ वटा कुरा मात्र गर्नु भन्नुभयो । परमेश्वरले भन्नुभयो यदि मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरु पालन गर्नेछौ । दुई वटा तरीकाले आज्ञाहरु दिएको छ एउटा नगर्नु र अर्को गर्नु गर् भनेको १० आज्ञामा पनि सबाथको बारेमा ४० शालको पछि फेरि दोह्राउदा खेरि सबाथ तोड्नेहरु सबैलाई मारी दिनु भन्नुभयो । आमा बाबालाई आदर गर्ने कुरा कस्तो भयो

ब्यबस्था२७:१६ [16] "लेवीहरूले भन्नेछन्, 'त्यस मानिसलाई सराप लागोस् जसले आमा-बुबालाई अनादर अनि अपमान गर्छ।तब सबै मानिसहरूले भन्नेछन्, 'आमेन।'

पहिला उहाँले भन्नुभयो आदर गर्‍यो भने तिमीहरुलाई आशिष हुन्छ भन्नुभयो यहा आएर परमेश्वर यसरी भन्नुहुन्छ आमा बाबाको आदर नगर्ने श्रापित हुन्छ । ब्यबस्था आउदा खेरि परमेश्वरको आज्ञा पालन गर्न सजिलो थिएन । ब्यबस्थाको मुनि अतिनै प्रेम गरेको मान्छे दाउद थियो । दाउदको हृदयमा मिश्र देशको सन्दुक लिएर आउने ठुलो ईच्छा थियो । र उनले लिएर आउदा खेरि के हुन्छ ।

२ सामुयल ६:९ [9] त्यस दिन, दाऊद परमप्रभुसँग डराए। दाऊदले भने, "अब कसरी परमेश्वरको पवित्र सन्दूक म कहाँ ल्याउने?

यसको अर्थ के हो , प्रभु तपाईको आराधना गर्नमा पनि यति गाह्रो । दाउद परमेश्वरलाई माया गर्ने मान्छे थिए र पनि उसलाई परमेश्वरको आराधना गर्न अतिनै गाह्रो पर्‍यो । परमेश्वरको आराधना गर्न सन्दुक लिएर आउनमा पनि यति साह्रो ब्यबस्था छ भने उहाको आज्ञा को राख्न सक्छ ? दाउद डराए दाउद राम्रो गर्न चाहन्थे परमेश्वरको सन्दुक लिएर आउन चाहन्थे तर पनि मान्छे मरे सन्दुक लिएर आउदा न्याय आयो मृत्यु आयो । त्यसपछि मात्र मान्छेले थाहाँ पाए कि परमेश्वरको सन्दुक लिएर आउन पनि धेरै नियमहरु छन् ।त्यसकारणले गर्दा ब्यबस्थाको मुनि रहेर परमेश्वरको आज्ञा पालन गर्न मान्छेले सक्दै सक्दैन ।

गलाति३:२३-२४ [23] जब सम्म यो विश्वास आएको थिएन हामीहरू व्यवस्थाको कैदी थियौं। जब सम्म परमेश्वरमा गर्नु पर्ने विश्वास गर्दैनौ, हामी स्वतन्त्र हुँदैनौं। [24] यसले गर्दा ख्रीष्टको आगमन सम्म व्यवस्था हाम्रो अभिभावक थियो। ख्रीष्ट आए पछि विश्वासद्वारा हामी धर्मी बन्न सक्यौ।

ब्यबस्थाको मुनि भएका मान्छेहरुको लागी येशु मशिह आउनु भएको होईन । जब सम्म येशु आउनु भएको छैन येशु माथि बिस्वास राख्न सक्दैन । ब्यबस्थाको काम सिपाहि को जस्तै काम हो । सबैलाई कैदमा राखेको छ । तिनीहरुलाई येशुमा लिएर आउन लाई ब्यबस्थालाई

राखेको छ। व्यबस्थाको दुईवटा काम छ एउटा कैदमा राख्छ ,दुईटा शिक्षा दिन्छ। जब येशु आउनुहुन्छ ,तब व्यबस्थाले कैद खोलेर खुल्ला गर्छ। जब येशु आउनुहुन्छ येशु माथी बिश्वास राख्छन् तब व्यबस्थाको कैद बाट मुक्त हुन्छ।

गलाती ३:२५ [25] अब विश्वासको बाटो खुलेकोछ र हामी व्यवस्थाको संरक्षणमा छैनौं।

व्यबस्थाको अधिनमा छैन भनेको मतलब हामीले बुझ्नु पर्छ। व्यबस्थाको मुनि सबैलाई राखेको छ। व्यबस्था लाठो बोकेर हरदिन शिक्षा दिदै छ। यि मान्छेहरुको आजादी छैन। आजादी कहिले भयो जब येशु आउनु भयो र उहा माथि बिश्वास राख्यौ त्यसपछि कैद देखी अर्थात व्यबस्था देखि छुटकारा पायौ। यो हो व्यबस्थाको उदेस्य। यदि म उहाँलाई प्रेम गर्छु भने म उहाँको आज्ञा पालन गर्छु। उहाको आज्ञा भनेको व्यबस्था होईन उहाँको आज्ञा भनेको उहाको सत्यता हो। भजनमा यस्तो लेखेको छ येशु अनुग्रह र सत्य लिएर आउनु भयो।

गलाती ४:४-७ [4] तर उचित समयमा परमेश्वरले आफ्नो पुत्र पठाउनु भयो। परमेश्वरका पुत्रले एउटी स्त्रीको कोखमा जन्म लिनुभयो। उहाँ पनि व्यवस्थाको अधिनमा बस्नु भयो।
[5] परमेश्वरले यसो गर्नुको कारण व्यवस्थाका अधीनमा बस्नेहरूलाई मुक्ति दिनु थियो। हामीलाई आफ्ना बालक बनाउने परमेश्वरको इच्छा थियो।
[6] तिमीहरू परमेश्वरका छोरा-छोरीहरू हौ। त्यसैकारण परमेश्वरले आफ्ना पुत्रको आत्मा तिमीहरूको हृदयमा हाली दिनु भयो त्यही आत्मा ले पुकार्छ, "बाबा, पिता।"
[7] यसैकारण, अब तिमीहरू अघि जस्तो कमारा छैनौ। तिमीहरू परमेश्वरको पुत्र हौ। आफूले गरेको प्रतिज्ञा परमेश्वरले पूरा गर्नुहुनेछ किनभने तिमी उहाँको पुत्र हौ।

यो हो पहिला सत्य ,परमेश्वरले स्त्रीको कोख बाट व्यबस्थाको अधीनमा हुनेहरुलाई मुक्ति दिन आफ्नो पुत्र पठाउनु भयो। व्यबस्थाको अधीन बाट छुटकारा दिन मात्र होईन हामीलाई उहाँको छोरा छोरी बनाउनको लागी त्यो पनि आफ्नै पुत्रको आत्मा हाम्रो जीवन बाट बोल्नुहुन्छ हे पिता ताकी हामी अब कमारा होइनौ तर हामी अब छोरा छोरी भयौ। त्यसकारणले क्रिष्टमस भनेको येशुको जन्म दिन होईन यो एउटा घटना हो। किनभने हामी धेरैजनाको जन्मदिन हामी यस संसारमा मनाउछौ। तर येशुको जन्मदिन होईन यो एउटा घटना हो जो व्यबस्थाको मुनी श्रापको मुनी बसेको मान्छेहरुलाई व्यबस्था र श्राप बाट मुक्त गर्न येशु आउदै हुनुहुन्छ भनेर घोषना गर्ने दिन हो।

यशैया ९:६ [6] कुनै विशेष बालक जन्मदा त्यस्तो घट्ना हुनेछ। परमेश्वरले हामीलाई एउटा पुत्र दिनु हुनेछ। त्यही बालकले मानिसहरूमाथि शासन गर्ने जिम्मेवारी लिनेछ। उहाँका नाउँ "अचम्मका सल्लहाकार, पराक्रमी परमेश्वर, सनातनका पिता, शान्तिका राजकुमार कहलाउनु हुनेछ।"

यहा येशुलाई अनन्तको पिता भनेर सम्भोधन गरेको छ जसको मतलब येशुको जन्मदिन छैन। कसैको पनि जन्मदिनमा तिम्रो उमेर कति भयो भनेर सोध्न सकिन्छ तर येशुलाई हामी उहाको उमेर कति भयो भनेर सोध्न सक्दैनौ। उहाको उमेर छैन त्यसकारणले क्रिष्टमस भनेको येशुको जन्म दिन होइन। एउटा घटना को घोषना हो। यदि कसैको पनि जन्मदिन मनाउछौ भने उसको जन्म र उसले कहिले बाट यो धर्ति टेकेको उसको शुरुवात हुन्छ तर येशुको शुरुवात छैन उहा त आदि बाटै हुनुहुन्थ्यो। त्यसैले हामी उहाँको जन्मदिन होइन तर उहाको घटनालाई घोषना गर्छौ। यहुन्ना १:१ अनुसार आदिमा बचन थियो बचन परमेश्वर थियो र र बचन मानिसको रुपमा देहदारी भयो। बुद्धको जन्मदिन छ , महोमदको जन्मदिन छ तर येशुको जन्म दिन छैन। यदि उहाको जन्मदिन थियो भने त माता मरियमलाई उचाल्नु पर्छ तर हामी मरीयमलाई उचाल्दैनौ किनभने जो मरीयमको कोखमा हुनुहुन्थ्यो उहाँ मरीयमको सृष्टि कर्ता उसको मुक्तिदाता हुनुहुन्थ्यो। त्यसकारणले जब मरियमको मुखबाट अगमबाणीको रुपमा गीत आउदा खेरी म मेरो मुक्तिदाता परमेश्वरमा रमाउछु भनेर निक्ल्यो भने कसरी उसको छोरा उसकै मुक्तिदाता हुन सक्छ ?

२ कोरिन्थी ५:२१ [21] ख्रीष्टमा पाप थिएन। तर परमेश्वरले उहाँलाई पापी बनाउनु भयो। परमेश्वरले यो हाम्रो लागि गर्नुभयो ताकि हामीहरू ख्रीष्टमा परमेश्वरसित धार्मिक रहन सकौं।

येशु २ कोरिन्थी ५:२१ अनुसार यस संसारमा आउनुभयो। यो कुराहरुलाई हामीले जोड्नु पर्छ नत्रभने हामी केक काट्छौ दुईटा गित गाउछौ खाना खानछौ जान्छौ।

यहुन्नाको १७:१७ [17] तपाईंको सत्यद्‌वारा तिनीहरूलाई आफ्नो सेवामा राख्न तयार पार्नुहोस्। तपाईंको वचन सत्य हो।

यशैया ५९:१४ [14] न्याय हामीबाट फर्केर टाढा गयो। सत्य टाढा नै उभिन्छ। सत्यता भन्ने कुराहरू गल्लीहरूमा खसे। धार्मिकता भन्ने कुरा शहरमा प्रवेश गर्न निषेध भयो।

तिन वटा कुरा मान्छेमा आउन सक्दैन न्याय , धार्मिकता, ईमान्दारी कारण के हो ?सत्य लडेको कारणले गर्दा जब मान्छेको जीबनमा सत्य फर्केर आउदा खेरी यी सबै कुराहरु फेरी उठ्छ । जाहा सत्य छैन न्याय हुदैन ,धार्मिकता हुदैन र ईमान्दारी पनि हुदैन । यो सबै कुराको लागी सत्य चाहियो । सत्य परमेश्वरको लिखीत बचन हो ।

१कोरिन्थी १५:१-४ ब दाज्यू-भाइ, दिदी-बहिनीहरू, मैले तिमीहरूलाई जुन सुसमाचर भनें त्यसको संझना गराउन चाहन्छु। तिमीहरूले त्यो सुसमाचार पायौ र तिमीहरू त्यसमा दरिलो बनिएका छौ।
2 सुमाचारको कारणले तिमीहरू बचाइयौ। तर मैले यो प्रचार गरेको तरिकाको विश्वासमा अडीक बस। नत्र तिमीहरूको विश्वास व्यर्थको विश्वास हो।
3 मैले पाएकै समाचार तिमीहरूलाई दिएँ। मैले खुबै महत्वपूर्ण कुरो तिमीहरूलाई दिएँ कि हाम्रो पापहरूको निम्ति ख्रीष्टको मृत्यु भयो, जस्तो धर्म शास्त्रे भन्छः
4 कि ख्रीष्ट गाडिए अनि तीन दिन पछि बौरिए, जस्तो धर्मशास्त्रले भन्छ;

यो सबै पबित्र शास्त्र अर्थात बाईबल मान्छे बाट होइन तर पबित्र आत्माको प्रेरणा बाट लेखिएको हो । त्यसैले परमेश्वरको बारेमा केहि भने पनि त्यो धर्मशास्त्र संग मिल्न पर्छ । त्यसैले म०डलीलाई सत्यको जग भन्छ । सत्य काहाँ छ पबित्र धर्मशास्त्रमा छ । पबित्र शास्त्रको अनुसार हुनुपर्छ सबै कुरा

२ पत्रुस १:२१ 21 किनभने अगमवाणी मानिसको इच्छाबाट आएन। तर मानिसहरुलाई पवित्र आत्माले डोर्याएको थियो अनि परमेश्वरका वचनहरु भने।

जति पनि बाईबलमा लेखेको कुराहरु छन् ति सबै पबित्र आत्माको प्रेरणा बाट लेखेको हो मान्छे बाट होईन ।

२ तिमाथी ३:१५-१६ 15 तिम्रो बाल्यकालदेखि नै तिमीलाई पवित्र शास्त्र थाहा छ। ती धर्मशास्त्रले तिमीलाई ज्ञानी तुल्याउनेछ। अनि त्यो ज्ञानले ख्रीष्ट येशूमा विश्वासद्वारा मुक्ति तर्फ डोर्याउँछ।
16 सबै धर्मशास्त्रहरू परमेश्वरले दिनु भएको हो। ती धर्मशास्त्रहरू शिक्षा दिनु अनि मानिसको जीवनमा भएका गलत कुराहरू देखाइदिने काममा उपयोगी छन्। धर्मशास्त्रहरू गल्ती सुधार्न अनि उचित जीवन कसरी जिउनु त्यो सिकाउनुमा उपयोगी छन्।

सम्पुर्ण धर्मशास्त्र परमेश्वरको आत्मा बाट दिएको हो । त्यसकारणले गर्दा बाईबल सत्य छ । यदि हामी परमेश्वरलाई खोज्न चाहन्छौ भने पहिला सत्यको खोज गर्नु पर्छ । किनभने परमेश्वर नै सत्य हुनुहुन्छ । सारा मन ,ताकत , र सारा समझले परमेश्वरलाई खोज्यो भने परमेश्वरलाई पाउछ भनेर भनेको छ । खोज्दा खेरी सत्य खोज्नु पर्छ । सत्य हामी पबित्र धर्मशास्त्रमा पाउछौ । हामी सत्यको प्रचारक हुनुपर्छ । यि सबै कुराहरु भजनमा छ । सत्य भन्यो भने बचन हो । बिश्वास भन्यो भने बचन हो । मानिसलाई तिन तरिकामा हिड्नको लागी परमेश्वरले बोलाउनु भएको छ । प्रेममा हिड्नु , सत्यमा हिड्नु , बिश्वासमा हिड्नु । तर सत्यमा हिड्नु र बिश्वासमा हिड्नु उस्तै होईन हेर्दा खेरी यि दुई कुराहरु उस्तै उस्तै भएता पनि यि दुबै कुराहरु अलग अलग हुन् । हामी सत्यताको बिना बिश्वासमा हिड्न सक्छौ र साथै बिश्वास बिना सत्यतामा चल्न सक्छौ । तामारले आफ्नो ससुरा संग सुत्दा खेरी बिश्वासमा सुतेको सत्यमा होईन । हामी प्रेम बिना बिश्वासमा र सत्यतामा चल्न सक्छौ । यो सबै कुराहरु भजनमा पाउछौ । जब परमेश्वर हिड्नु हुन्छ यि तिनै कुरामा हिड्नु हुन्छ । परमेश्वर कहिले पनि बिना प्रेम, सत्य र बिना बिश्वास हिड्नु हुन्न । परमेश्वर केहि कुरा गरे पनि प्रेममा ,सत्यमा र बिश्वासमा गर्नुहुन्छ । त्यो कारणले हाम्रो जीवनमा यो तिन वटै कुरा हुनुपर्छ ।

एफिसी ५:१,२ मीहरू परमेश्वरका नानीहरू हौ जसलाई उहाँले प्रेम गर्नु हुन्छ। यसैले परमेश्वर जस्तै हुने कोशीश गर।
2 प्रेममय जीवन बिताऊ। ख्रीष्टले हामीलाई प्रेम गर्नु भए जस्तै अरूलाई प्रेम गर। ख्रीष्टले हाम्रा निम्ति आफूलाई सुगन्धित उपहार अनि परमेश्वरको बलिको रूपमा चढाउनुभयो।

२ कारिन्थी ५:७ 7 हामी विश्वासको मार्ग दर्शनमा बाँचेका छौं-जे देख्छौं त्यसले होइन

२ यहुन्ना १:४ 4 तिम्रो कोही बालकहरु जो तिनीहरु पिताले हामीलाई दिएको आज्ञा अनुसार सत्यको मार्ग अनुसरण गरिरहेछन् भन्ने जान्न पाउँदा म खुशी भएँ।

त्यसैले हामीलाई तिन बाटोमा हिड्नलाई बोलाएको छ पहिला प्रेममा ,दोस्रो सत्यमा र तेस्रो बिश्वासमा जब हामी प्रेममा हिड्छौ भने हामी परमेश्वरको देखासिकीगर्नेहरु हुन्छौ । एउटा भिखारी केटा क्रिष्टमसको बेलामा केक पसलको बाहिरको सिसाबाट केक हेर्दै गर्दा एउटा मान्छे आएर एउटा पुरा केक किनेर त्यस केटालाई दिन्छ अनी त्यो केटाले एउटा प्रस्न सोध्छ के तपाई परमेश्वर हुनुहुन्छ? किनभने प्रेम परमेश्वरको देखासिकी गर्नु हो । प्रेम एउटा दया हो प्रेम सहनसिल हुन्छ , प्रेमले यो गर्छ यो गर्दैन जब हामी प्रेममा हिड्छौ भने हामी परमेश्वरको श्वभाबमा हिड्छौ । जब हामी बिश्वासमा हिड्छौ भन बचनमा लेखेको छ परमेश्वर एक दम प्रसन्न हुनुहुन्छ । बिश्वास बिना परमेश्वरलाई

प्रसन्न गर्न सक्दै सक्दैन बचनमा लेखेको छ । त्यसकारणले प्रेमले परमेश्वरको देखासिकी गर्छ र बिश्वासले परमेश्वरलाई प्रसन्न तुलाउछ भने सत्यले परमेश्वरको आदर गर्छ । उहाँले उहाँको बचनलाई सबै भन्दा परमेश्वरको आफ्नै नाम भन्दा पनि माथि उचाल्नु भएको छ । जब हामी यि तिन कुरामा चल्छौ भने पबित्र आत्माले हामीलाई येशुको श्वरुपमा बदल्नुहुन्छ । यि तिनै कुरामा हामी अगाडि अगाडि बढ्नु पर्छ । बिश्वासमा माहान हुन सक्छ तर सत्यमा सानो हिब्रु ११ अध्यायमा बिश्वासको पिता अब्राहाम थिए उनी बिश्वासको पिता भएर पनि अनिकाल आउदा खेरी आफ्नै पत्निलाई तिमी मेरो बहिनी हो भन्नु भनेर झुट बोल्न लगाए सारा गर्भबति भएको समयमा पनि अब्राहामले सारालाई पिल्ज मेरो बहिनी हो भन्नु भने अब्राहाम बिश्वासको माहान ब्यक्ति भएर पनि सत्यतामा चलेनन् । त्यसैले एउटा ब्यक्ति बिश्वासमा चलेर पनि सत्य रहित हुन सक्छ । बिश्वास र सत्य हुन सक्छ प्रेम नहुन सक्छ । त्यसकारणले हामी जे गर्दा पनि परमेश्वरको बचनमा जानु पर्छ । प्रेमको बारेमा त यो संसारले पुरा कुरा गर्छ तर असल प्रेमको बारेमा हामी परमेश्वरको बचनमा पाउछौ । १ कोरिन्थी १३ अध्यायमा लेखेको छ प्रेमको बारेमा , रोमी १२ मा र १४मा र १यहुन्ना को पुरा अध्यायमा पढ्दा खेरी थाहाँ हुन्छ यस्तो पो रहेछ प्रेम भनेको यसरी सत्य प्रेम संग जोडिएको छ । सत्य बिश्वास संग जोडिएको छ । सत्य सत्य संग जोडिएको छ । पिलातसले सोधे सत्य के हो ? उसको अगाडिनै खडा हुनुभएको छ सत्य ।

लुका २४:४४-४५ 44 उहाँले तिनीहरूलाई भन्नुभयो, "जब म तिमीहरूसँग थिएँ मैले के भने त्यो सम्झना गर। मैले भने, मोशाको व्यवस्थामा अगमवक्ताहरूको पुस्तकमा मेरो विषयमा भनिएको अनि भजनसंग्रहमा भनिएका प्रत्येक कुरा पूरा हुनेछ।"
45 त्यसपछि उहाँले धर्मशास्त्रहरूमा लेखिएका सबै कुराहरू बुझ्न मन खोली दिनु भयो।

27 त्यसपछि येशूले धर्मशास्त्रमा मोशा देखि लिएर अन्य जम्मै अगमवक्ताहरूद्वारा जे लेखिएको थियो प्रत्येक कुरो बताउनु शुरू गर्नु भयो। धर्मशास्त्रहरूमा उहाँ आफ्नो विषयमा जे लेखिएको थियो उहाँले बताउनु भयो।

यो हो सत्य धर्मशास्त्रमा हामीले हाम्रो आखाँ खोल्यौ भने हामीहरुले परमेश्वरलाई देख्छौ । जब हामी धर्मशास्त्रमा युसुफको बारेमा पढ्छौ भने हामीलाई थाहाँ हुन्छ कि यो मान्छे त प्रेममा सत्यमा र बिश्वासमा चल्दो रहेछ भनेर उत्पतिको पुस्तक ५० अध्याय सम्म छ आदम देखी युसुफ सम्म ५० अध्यायमा सबै भन्दा धेरै १४ अध्याय युसुफको बारेमा लेखेको छ । अब्राहाम भन्दा याकुब भन्दा , नोहा भन्दा, हाबेल भन्दा सबै भन्दा बढि युसुफमा हामी येशुको श्वभाव देख्न सक्छौ । दुईवटा सपना परमेश्वरले दिनुभयो त्यहि सपनालाई बिश्वासमाा लिएर १३ शाल भ्यालखानामा युसुफले आफ्नो जीवन बिताए । कमाराको रुपमा पोतिफरको घरमा जीवन बिताए र पोफिरको श्रीमतिले आरोप लगाउदा पनि उनी केहि बोलेनन् र साथै जेलमा बस्न पर्‍यो उनको जीवनमा धेरै कठिन भन्दा कठिन अबस्था आउदा पनि उनी परमेश्वरमा भरोसा गरेरै बसे उनको जीबनमा हेर्दा खेरी प्रेम ,सत्य र बिश्वास यि तिनै कुरा देख्न सकिन्छ । त्यसकारणले गर्दा परमेश्वरको बचनमा सत्य ,प्रेम र बिश्वास सबै थोक छ । यदि हामी परमेश्वरलाई प्रेम गर्छौ भने हामी उहाँको आज्ञा पालन गर्छौ यो सत्य काहाँ छ परमेश्वरको बचनमा त्यसैले हामीले परमेश्वरको सत्यलाई खोज्नु पर्छ । परमेश्वरको सत्यता परमेश्वरको बचनमा मात्र पाउन सक्छौ । जब धर्मशास्त्र हामी पढ्छौ भने अब्राहामको बारेमा पढ्यौ भने उसको जीवनमा त बिश्वास त थियो तर प्रेम र सत्य थिएन अर्को को जीवन हेर्‍यौ भने के थियो के थिएन वास्तवमा हामीले बचनमा येशुलाई खोज्नुपर्छ । येशु को बारेमा जान्ने हो भने र उसको एउटा श्वरुप आफ्नो हृदयमा सजाउने हो भने हामीले धर्मशास्त्रमा जानु पर्छ जहाँ हाम्रो मुक्तिदातालाई हामीले पाउछौ । पबित्र आत्माको मुख्य काम हामीलाई येशुलाई देखाउनु हो ।

याकुब ३:१ रा भाइ अनि बहिनीहरू, तिमीहरूमध्ये धेरै शिक्षक हुनु हुँदैन। किन? किनभने तिमीहरू जान्दछौ कि हामी जसले शिक्षा दिन्छौं अन्य मानिसहरू भन्दा कठिन प्रकारले जाँच गरिनेछौं।

२ तिमोथी २:१५ 15 परमेश्वरको समक्ष यस्तो प्रकारले स्वयं उपस्थित हुने भरसक कोशिश गर कि उहाँले तिमीलाई अनुमोदन गर्नु हुनेछ। आफ्नो काममा लज्जित नबन। सत्य शिक्षालाई उचित रूपले उपयोग गर्ने कर्मी बन।

याकुब र पावल यहा यसरी भन्छन् सबै जना शिक्षक नबन्नुस् परमेश्वरको बचन सत्य छ जसले गर्दा हामीले बचन बाट शिक्षा दिदा खेरी पबित्र शास्त्रको अनुसार हुनुपर्छ सत्यलाई मात्र देखाउनुपर्छ । जब हामी येशुको बारेमा शिक्षा दिन्छौ भने मानिसहरुमा येशुको माथि बिश्वास बढ्नु पर्छ । जब बिश्वास आयो ब्यबस्था रोकियो जब सम्म बिश्वास आउदैन ब्यबस्थाको कब्जामा हो । धेरै जनाले बचन सुनेको छ तर बिश्वास आको छैन जसको कारण अझै पनि उनीहरु ब्यबस्थाको कब्जामा छन् ।

एफिसी ४:१५ [15] तर, हामी प्रेमपूर्वक सत्य बोल्छौं। तर हामी हर तरहले ख्रीष्ट जस्तै नहुन्जे बडिरहनेछौं। ख्रीष्ट शिर हुनुहुन्छ र हामीशरीरको प्रत्येक अंग एक-अर्कामा जोडिएकोछ र शरीरको जोडनीले एक गरेको छ। प्रत्येक अंगले आ-आफ्नै काम गर्छ। अनि यसैले सम्पूर्ण शरीर विकास गर्छ र प्रेममा दृढ हुन्छ।

प्रेमपुर्वक सत्य बोल्नु पर्छ । सत्य बोल्दा खेरी रुखो संग बोल्यो भने त्यसको प्रभाब राम्रो हुदैन । जब हामी परमेश्वरको बारेमा बोल्छौ मानिसहरु येशुमा बढ्नु पर्छ । बिश्वास र सत्य मात्र भएर हुदैन बिश्वास , प्रेम र सत्य तिन वटै हुनुपर्छ । युसुफ जब उसको दाजुहरु हिब्रुमा बोल्दा खेरी युसुफले सबै बुझ्छ तर पनि उसले हिब्रु बोलेन मिश्रिमा नै बोल्छ र पनि भित्रउसको धेरै माया भरेको छ । सुनेपछि भित्र गएर रुदै छ । त्यसकारणले गर्दा येशुले भन्नु भयो जुन सुसमाचार म तिमीहरुलाई दिन्छु त्यो सुसमाचारमा बिश्वास गरेर खडा भयौ भने तिमीहरु उद्धारको सबुत हुन्छौ । त्यो सुसमाचार येशु मशिह धर्मशास्त्र अनुसार मर्नु भयो । येशु मशिह धर्मशास्त्र अनुसार तेस्रो दिनमा बौरी उठ्नु भयो । येशुको मृत्यु , गडिनु र जी उठ्नु सबै धर्मशास्त्रको अनुसार हो ।हामी येशुको जन्म क्रिष्टमस मनाउछौ के क्रिष्टमस पबित्र शास्त्रको अनुसार हो? उहाको मृत्यु पबित्र शास्त्र अनुसार हो? भने जनम पनि पबित्र शास्त्र अनुसार हुनुपर्छ । येशुले भन्नुभयो हे पिता म तपाईको ईच्छा पुरा गर्नको लागि म आको पुस्तकको मुठामा मेरो बारेमा लेखेको छ । अगमवाणीहरु मान्छे देखी आएको होइन परमेश्वरको आत्मा देखि आएको हो ।

उत्पति ३:१५ [15] म तँ र त्यस स्त्रीमाझ शत्रुता सृष्टि गर्नेछु। तेरो सन्तान र त्यस स्त्रीका सन्तानमाझ पनि शत्रुता सृष्टि गर्नेछु जसले गर्दा त्यसका सन्तानहरुले तेरो टाउको किच्याउने छन् अनि तेरा सन्तानहरुले पनि तिनीहरुको कुर्कुचामा डस्ने छन्

पहिला अगमवाणी परमेश्वरले आदम र हब्बालाई न्याय गरेर अदनको बगैचा देखी निकाल्नु भन्दा पहिला परमेश्वरले एउटा अगमबाणी गर्नुभयो स्त्रीको संन्तान खास गरेर स्त्रीको बिउ भनेको हो । नेपालीको उल्था गराईमा थोरै फरक छ । खास गरी स्त्रीको लागी बिउ छैन पुरुषको हो बिउ तर यहा लेखेको छ स्त्रीको बिउले तेरो टाउको किच्याउने छ । यो अगमवाणी पुरा काहाँ हुन्छ ?

गलाती ४:४ [4] तर उचित समयमा परमेश्वरले आफ्नो पुत्र पठाउनु भयो। परमेश्वरका पुत्रले एउटी स्त्रीको कोखमा जन्म लिनुभयो। उहाँ पनि व्यवस्थाको अधिनमा बस्नु भयो।

स्त्रीको कोख बाट उहाँ जन्मनु भयो ,भन्नाले येशुको जन्ममा पुरुषको कुनै भाग नै थिएन ।उहाँ स्त्रीको बिउ बाट जन्मनु भयो । र स्त्रीको कोख बाट उहाको जन्म हुनेछ यो हो पहिलो अगमवाणी र दोस्रो अगमवाणी

उत्पति १२:३ [3] म तिमीलाई आशीर्वाद दिने मानिसहरूलाई आशीर्वाद दिनेछु अनि तिमीलाई सराप दिनेहरूलाई सराप दिनेछु। पृथ्वीमा सबै मानिसहरूलाई आशीर्वाद दिनका लागि म तिम्रो नाउँ प्रयोग गर्नेछु।"

तिमी द्धारा संसारको सारा कुलले आशीस पाउने छ ।

प्रेरीत ३:२५-२६ [25] तिमीहरूले अगमवक्ताहरूले जे भने ती ग्रहण गरिसकेकाछौ। तिमीहरूले परमेश्वर अनि तिमीहरूका पुर्खाहरू माझ भएको करार स्वीकार गरिसकेकाछौ। परमेश्वरले तपाईंहरूका पुर्खा अब्राहामलाई भन्नुभयो, 'पृथ्वीमा भएको सबै राष्ट्रहरू तिमीहरूका सन्तानद्वारा धन्य हुनेछ।' [26] परमेश्वरले उहाँका खास सेवक पठाउनु भयो। उहाँले उनलाई पहिले तिमीहरूकहाँ नै पठाउनु भयो तिमीहरू प्रत्येकलाई दुष्ट पथबाट हटाएर आशीष दिनलाई परमेश्वरले येशूलाई पठाउनु भयो।"

गलाती ३:२९ [29] तिमीहरू ख्रीष्टमा हौ भने तिमीहरू अब्राहामका सन्तान हौ। यसको अर्थ अब्राहामसित परमेश्वरले प्रतिज्ञा गरेको जम्मै आशिष पाउँनेछौं।

प्रतिज्ञा कसले दिएको ? यहाँ परमेश्वरले अब्राहाम संग अगमवाणी भन्दैहुनुहुन्छ । यो अब्राहामलाई दिएको अगमवाणी येशु मशिहमा आएर पुरा हुन्छ । यदि तिमीहरु खीष्टमा छौ भनेता तिमीहरु अब्राहामका संन्तान हौ । यसको मतलब के येशुको जन्म धर्मशास्त्र अनुसार हो त ? एउटा बैज्ञानीकले भनेको पुरा तेलनगना स्टेटमा पैसाको सिक्काले दुई फिट भरीदिनुस् र एउटा याक्स लेखेको सिक्का लिएर बिचमा हालिदिनुस् अनी त्यसपछि त्यो खोज्नुस् भन्दा त्यो सिक्का पाउनु कसैको लागी पनि असम्भब जस्तै हुन्छ । यसरीनै पुरानो नीयमको येशुको बारेमा अगमवाणी पुरा हुनु भनेको परमेश्वर बिना लगभग असम्भब जस्तै थीयो तर परमेश्वरले पुरा गर्नु भयो । उत्पतिको सुरुवात देखि अब्राहाम देखि अब हामी ईसहाकमा जाऔ

उत्पति १७:१९ [19] परमेश्वरले भन्नुभयो, "होइन! मैले भनी सकें तिम्री पत्नी साराले एउटा छोरो जन्माउनेछिन् जसको नाउँ तिमीले इसहाक राख्नेछौ। म त्यो सित करार गर्नेछु। त्यो करार त्यस्तो हुनेछ उसका सबै सन्तानहरूसित संधैको निम्ति बाँचिरहने छ

अब यहाँ परमेश्वरले इसहाकलाई लिएर आउनु भयो । र ईसहाक संग करार भयो ।

रोमी ९:७ [7] अनि अब्राहामका सन्तानहरू मध्ये थोरै मात्र अब्राहामको साँचो सन्तान थिए। यही कारण परमेश्वरले अब्राहामलाई भन्नुभयोः"इसहाक मात्र खालि कानूनी छोरो हुनेछ।"

इसहाकमा आउनु भयो किनभने अब्राहामको दुईवटा छोरा छन् । इसमाइल बाट होइन तर यहाँ इसहाकको बारेमा बोल्दा येशुको बारेमा बोल्दैहुनुहुन्छ ।

गलाती ४:२२-२३ [22] धर्मशास्त्रले भन्छ, अब्राहामाका दुइ छोराहरू थिए। तिनीहरू मध्ये एउटाकी आमा कमारी थिई र अर्को चाँहिकी आमा मुक्त स्त्री थिई।
[23] अब्राहामको कमारी पट्टीको छोरो सामान्य मानव रूपले जन्मेको थियो भने मुक्त स्त्री पट्टीको छोरो परमेश्वरले अब्राहामलाई दिएको प्रतिज्ञा अनुसार जन्मेको थियो।

[28] अब्राहामको एउटा छोरो सामान्य रूपले जन्मेको थियो। अर्को छोरो परमेश्वरको प्रतीज्ञा अनुसार आत्माको शक्तिले जन्मेको थियो। मेरा दाज्यु-भाइ, दिदी-बहिनीहरू! तिमीहरू पनि ती इसहाक जस्तै प्रतीज्ञाका छोरा-छोरीहरू हौ। सामान्य रूपमा जन्मने छोराले अर्को छोरसँग दुर्व्यवहार गरेको थियो। आज पनि त्यस्तै भइरहेछ।

खिष्ट द्धारा आउदा खेरी इसहाक संग पनि एउटा अगमवाणी थियो त्यो येशु संग आएर पुरा भयो ।

उत्पति २८:१४ [14] तेरा सन्तानहरू त्यति विघ्न हुनेछन् जति पृथ्वीमा धूलोको कण छ। तिनीहरू पूर्व, पश्चिम, उत्तर अनि दक्षिणतिर फैलिएर बस्नेछन्। पृथ्वीमा बस्ने सबै जातिले तेरा सन्तानहरूको कारण आशीर्वाद पाउनेछन्।

याकुब घर देखी भागेर ढुङ्गाको सिरानी राखेर सुतिराखेको छ र यस मान्छे संग परमेश्वर भन्दैहुनुहुन्छ तेरा संन्तान म पृथ्वीको हर कुनामा फैलाउने छु। यस्तो अगमवाणी कसले बिश्वास गर्न सक्छ ? तर पनि परमेश्वरले येशुमा आएर त्यसलाई पुरा गर्नु भयो ।

मत्ति १:२ अब्राहाम इसहाकका पिता थिए। इसहाक याकूबका पिता थिए। याकूब यहूदा र उनका दाज्यु-भाइहरूका पिता थिए।

यो हो येशुको बंशावली

लुका १:३३ [33] उहाँले याकूबका घरानामाथि सँधैंका लागि शासन गर्नुहुनेछ। येशूको राज्यको अन्त्य कहिल्यै हुनेछैन।"

याकुबको बंश द्धारा पृथ्वीको सारा कुल माथी परमेश्वरले आशिष दिनुभयो । याकुबको १२ छोरा र एउटा छारी छ । कुन छोरा हो ?

उत्पति ४९:१० [10] यहूदाको परिवारबाट राजाहरू हुनेछन्। राजत्वको प्रतीक यस परिवारबाट हराउने छैन जबसम्म एकजना वास्तविक राजा आउनु हुँदैन।तब उनको आज्ञाहरू पालन गर्न र उहाँलाई सेवा पुर्याउनु धैरै मानिसहरू आउनेछन्।

अब अगमवाणी यहुदाको माथी आयो । हामीले त सोच्छौ युसुफको माथी आउछ तर परमेश्वरको योजनाहरु हाम्रो सोच भन्दा भिन्न छ ।

मत्ति १:२ [2] अब्राहाम इसहाकका पिता थिए। इसहाक याकूबका पिता थिए। याकूब यहूदा र उनका दाज्यु-भाइहरूका पिता थिए।

अब यहुदा मात्र भनेर भन्यो उसको नाम किनभने यो येशुको बंशावली हो । येशुको जन्म पबित्र शास्त्र अनुसार हो कि होइन त्यो हामीले हेर्नु पर्छ । यहुदाको बंश देखि एउटा ब्यक्ति दाउद आउछ र दाउदको बारेमा परमेश्वर के भन्नुहुन्छ ?

२ सामुयल ७:१२-१३ [12] "जब तिम्रो जीवन सिद्धिन्छ, तिमी मर्नेछौ अनि तिमीलाई तिम्रा पिता-पूर्खाहरूसितै गाडिने छ। तर त्यस समय म तिम्रो आफ्नै एक जना नानीलाई राजा बनाउनेछु।
[13] उसैले मेरो मन्दिर निर्माण गर्नेछ। अनि म उसको राज्यलाई सदा सर्वदा एकदमै शक्तिशाली बनाउनेछु।

यहाँ सोलोमनको बारेमा भनेको होइन यहाँ येशुको बारेमा भन्दैहुनुहुन्छ । मेरो मन्दिर भनेको म०डली हो ।

यसैया ११:१ यस्सीको ठुटाबाट एउटा सानो रूख उम्रनेछ। यस्सीको जराहरूबाट त्यसको हाँगा बढने छ।

यस्सी दाउदको पिता थिए अब यहुदा बाट दाउदको बंशमा आउनुभयो ।

मत्ति १:१ येशू ख्रीष्टको परिवारिक इतिहास हो। उहाँ दाऊद परिवारबाट आउनु भयो। दाऊद अब्राहामको परिवारका हुन्।

यी सबै कुराहरु हेर्दा खेरी उहाको मृत्यु धर्मशास्त्र अनुसार हो भने उहाको जनम पनि धर्म शास्त्र अनुसार हुनुपर्छ ।

यसैया ७:१४ 14 तर परमेश्वर, मेरो मालिकले, तिमीलाई चिन्ह देखाउनु हुनेछः हेर कन्या स्त्री गर्भवती हुनेछ र उसले एउटा छोरो जन्माउनेछ उसको छोरोको नाउँ इम्मानुएलराखिनेछ।

अब यहाँ आएर कन्यलाइ गर्भधारण गर्छु भनेर परमेश्वर भन्दैहुनुहुन्छ कन्या त गर्भधारण हुन सक्दैन ।

लुका १:३५ 35 ती स्वर्गदूतले मरियमलाई भने, "पवित्र आत्मा तिमीमाथि आउनुहुनेछ अनि सर्वशक्तिमान परमेश्वरको शक्तिले तिमीलाई ढाकनेछ। यसकारणले जो जन्मनुहुन्छ उहाँ परमेश्वरको पुत्र कहलाइनु हुनेछ।

पबित्र आत्मा द्वारा कन्या गर्भधारण हुन्छ कारण पुरुष नै छैन । ६०० शाल अगाडी भनेको भबिष्यबाणी एउटा ब्यक्तिमा आएर पुरा हुन्छ त्यो येशुको जन्म

यसैया ९:६ 6 कुनै विशेष बालक जन्मदा त्यस्तो घट्ना हुनेछ। परमेश्वरले हामीलाई एउटा पुत्र दिनु हुनेछ। त्यही बालकले मानिसहरूमाथि शासन गर्ने जिम्मेवारी लिनेछ। उहाँका नाउँ "अचम्मका सल्लहाकार, पराक्रमी परमेश्वर, सनातनका पिता, शान्तिका राजकुमार कहलाउनु हुनेछ।"

हाम्रा निम्ति एक जना छोरो दिएको छ । मरियमको पहिलो छोरी जन्मेको भए त अगमबाणी सबै खेर जाने थियो ।

लुका २:७ 7 अनि तिनले जेठो पुत्र जन्माइन्। त्यसबेला धर्मशालाभित्र ठाउँ थिएन। त्यसैले तिनले आफ्नो बालकलाई लुगाहरूले बेरिन् अनि एउटा डूँडमा सुताइन।

जेठो छोरा जन्माइन् । त्यसपछि मरियमले छारीहरु जनमाइन् तर जेठो त छोरा थिए ।

मिका ५:२ तर हे बेतलेहम एप्रात, तिमी जो यहूदाका हजारौंका बीचमा सानो छौ, तर तिमीबाट एउटा "इस्राएलको शासक" मेरो निम्ति आउँनेछ। उहाँको सुरुवात प्राचीन कालदेखिनै छ, धेरै अघि देखि।

येशुको कुन ठाउमा जन्म हुन्छ भनेर यहाँ एउटा मात्र अगमवाणी गरेको छ । एकै चोटि मात्र भनेको भए पनि यो गलत हुन सक्दैन नत्र भने पुरा धर्मशास्त्र गलत हुन सक्छ । त्यसकारणले गर्दा येशुको जन्म इस्राएलको यरुसलेम र बेतलेहममा नै हुन जरुरी थियो किनकी यस पुस्तकमा परमेश्वरले पहिलानै अगमवाणी गरीसक्नुभएको थियो ।

लुका २:१-१३ सैबेला अगस्टस सिजरले रोमको अधिनमा रहेका सबै देशहरूलाई एउटा आदेश पठाए। त्यो आदेश अनुसार जम्मै मानिसले आफ्नो नाउँ पंञ्जिकृत गराउनु पर्थ्यो।
2 यो नै पहिलो पल्टको यस्तो जनगणना थियो। कुरेनियस सिरयाको राज्यपाल हुँदा यो भएको हो।
3 जम्मै मानिसहरू आफ्नो शहरहरूमा नाउँ पंञ्जिकृत गराउन गए।
4 यूसुफ पनि गालीलको नासरत शहरबाट यहूदियाको बेतलेहेम नामक शहरमा गए। बेतलेहेम शहरलाई दाऊदको शहर भनिन्थ्यो।
5 यूसुफ पंञ्जिकरणको लागि मरियमसंगै गए किनभने मरियमसंग उसको विवाह निश्चित भइसकेको थियो। मरियम त्यसबेला गर्भवती थिईन्।
6 यूसुफ र मरियम बेतलेहेममा हुँदा नै बालक जन्मने समय भएको थियो।
7 अनि तिनले जेठो पुत्र जन्माइन्। त्यसबेला धर्मशालाभित्र ठाउँ थिएन। त्यसैले तिनले आफ्नो बालकलाई लुगाहरूले बेरिन् अनि एउटा डूँडमा सुताइन।
8 त्यो राती त्यस क्षेत्रमा बाहिर खेतमा केही गोठालाहरू आफ्नो भेडाहरू हेरचाह गरिरहेका थिए।
9 परमप्रभुको एउटा दूत यसैबेला तिनीहरूको अघि उभिए। परमप्रभुको महिमा तिनीहरूको चारैतिर चम्किरहेको थियो। ती गोठालाहरू खुबै डराए।
10 तर त्यो स्वर्गदूतले तिनीहरूलाई भने, "डराउनु पर्दैन, किनभने म तिमीहरूलाई शुभ-समाचारहरू भन्न लागेकोछु। यसले सबै मानिसहरूलाई अत्यन्त र्हषित तुल्याउनेछ।

[11] किनभने आज नै दाऊदको शहरमा तिमीहरूको निम्ति एउटा मुक्तिदाताको जन्म भएको छ। उहाँ ख्रीष्ट, प्रभु हुनुन्छ।
[12] उहाँलाई तिमीहरूले यसरी चिन्नेछौः तिमीहरूले एउटा बालकलाई लुगाले बेह्रेको र डुँडमा सुतिरहेको भेट्टाउनेछौ।"
[13] त्यसपछि अचानक अनगन्ति स्वर्गिय दूतहरू पहिलो दूतसंग भेला भए। सबै दूतहरूले यसो भन्दै परमेश्वरको प्रशंसा गरिरहेका गरे।

रामीयोको साम्राज्य भनेको एकदम ठुलो साम्राज्य हो । साम्राज्यको चक्रवति सिजर थिए । सिजरको दिमाखमा जनगणना गर्ने कुरा परमेश्वरले हालिदिनु भयो ताकी मिका द्वारा गरेको अगमवाणी पुरा हुनु थियो । रोममा भएका सबै मान्छेहरु आफ्नो आफ्नो गाउमा जादैछन् त्यसको बिचमा एउटा मान्छे आफ्नो गर्भ वति भएको श्रीमती लिएर नाजरत देखि बेतलेहेम जादैछ किन? त्यो जनगणना सुरु गरेको हामी सोच्छौ ट्याक्सको लागी सिजर राजाले जनगणना लिएको त्यो सिजरको लागी होला तर परमेश्वरको लागी मरियम बेतलेहेममा जान जरुरी छ किनभने पबित्र शास्त्रमा लेखेको छ । पबित्र शास्त्र तोड्न सक्दैन । त्यसैले हामीले केहि पनि येशुको बारेमा गर्दा या म०डलीमा सिकाउदा खेरी धर्मशास्त्र संग मिल्न पर्छ । भजन स्रग्रह १३८:२ मा लेखेको परमेश्वरको बचनलाई परमेश्वरको नाम भन्दा पनि माथी उचालेको छ । त्यसकारणले जब हामी बचन पढ्दाखेरी हामीले पनि त्यहि नै खोज्छौ ।

मत्ति २:१,२ हूदिया भन्ने ठाउँको बेतलेहेम शहरमा येशूको जन्म भएको थियो। हेरोद राजा भएकोबेलामा उहाँको जन्म भएको थियो। जब येशूको जन्म भयो केही ज्योतिषीहरू पूर्वबाट यरूशलेममा आए।
[2] ती ज्योतिषीहरूले मानिसहरूलाई यसोभनी सोधे, 'यहूदीहरूका राजा भएर जन्मेका उहाँ कहाँ हुनुहुन्छ? हामीले उहाँको तारा पूर्वमा देख्यौं जसले उहाँ जन्मेको संकेत दिएको छ। हामिले पुर्वी आकाशमा तारा उदय हुँदै गरेको देख्यौ। हामी उहाँको आराधना गर्न आएका छौं।'

यि शास्त्रिहरुलाई सत्य थाहाँ थियो कि येशुको जनम बेतलेहेममा हुन्छ भनेर त्यो सत्य खोज्दा उनीहरुले पाए । मतलब उनीहरु लाई सत्य थाहा थियो तर उनीहरुमा बिश्वास थिएन । सत्य थाहाँ पाएर पनि  एउटा शास्त्रि पनि बेतलेहेममा गएनन् । टाढाँ देखि ज्ञानीहरु आए तारा हेरेर तर यहुदीहरु क्नेहि पनि गएनन् । १,२ घ०टामा हिडेर पुग्न सकिन्थ्यो र पनि कोहि गएन । सबैलाई थाहाँ छ कि मशिह बेतलेहेममा नै जन्मनेछ भनेर त्यसकारणले नथानिएलले मशिह नाजरत देखी आउनुभयो भन्दा उसले बिश्वास गरेन । अगर बेतलेहेम देखि आउनु भयो भन्दा बिश्वास गर्ने थियो । येशु मशिह हो भने बेतलेहेममा जन्म हुनुपर्छ ।त्यो सत्य नथानिएललाई थाहाँ थियो खास गरेर उहाँको जन्म त बेतलेहेममा नै भएको तर उहाँ नाजरतमा बस्नुहुन्थ्यो । जब हामी सत्य खोज्छौ तब हामी ब्यबस्थाबाट र धरमबाट स्वतन्त्र हुन्छौ । किनभने धरम नै ब्यबस्था हो , अब अन्तिम अगमवाणी

लुका १: ६९,७६ *69* परमेश्वरकै सेवक दाऊदका बंशबाट उहाँले हामीलाई शक्तिशाली मुक्तिदाता दिनु भएको छ।

यहुन्नाको जन्म भएपछि यहुन्नाको बाबा जकरियाले अगमवाणीमा भन्छन् हाम्रो मुक्तिको लागी दाउदको बंस बाट

जकरियाले आफ्नै छोराको बारेमा अगमबाणी बोल्छन्  ३० शालको पछि यहुन्ना आउदै छ येशुको मार्ग तयार गर्नको लागी । यहुन्नाको बारेमा गरेको अगमबाणी येशु संग जोडेको छ । यो येशुको जन्मको बारेमा अन्तिम अगमबाणी थियो । जब जकरीयाले अगमबाणी बोल्दा खेरी श्वर्गदुत मरियम संग आएको थिएन र  येशु मरियमको पेटमा पनि आउनु भएको थिएन । जब एलिजाबेथ गर्भबति भए पछि गेबरिएल मरियमको संग बोल्यो । पुरानो नियममा येशुको बारेमा अन्तिम अगमबाणी यो हो । दाउदको बंश देखि हाम्रो उद्धारक आउछ । यहुन्नालाई त्यो उद्धारकको मार्ग तयार गर्नको लागी पठाउनु भयो । उद्धारक आउनेछ आफ्नो पापको पस्चताप गर पाप बाट मन फिराओ जो आउदेहुनुहुन्छ उहाँ माथि बिश्वास राख जसले हाम्रो हर बन्धन बाट छुटकारा दिनुहुनेछ । यो सब कुराको अगमबाणी गर्नको लागी जकरीया द्वारा येशुको बारेमा यहुन्नालाई अगमबक्ताको रुपमा पठाउनेछ भनेर परमेश्वर बोल्नुभयो । अझै परमेश्वरको अगमबाणी छ ।

भजनसग्रह २:७-८ ,१२ [7] अब म तिमीलाई परमप्रभुको करारको विषयमा भन्नेछु। परमप्रभुले मलाई भन्नुभयो, "आज म तिम्रो पिता भएँ, तिमी मेरा पुत्र भयौ।
[8] यदि तिमीले माग्छौ भने, म तिमीहरूलाई यो देश दिनेछु अनि पृथ्वीमा भएका सबै जातिहरू तिमीहरूका मानिसहरू हुनेछन्।

परमेश्वरले अगमबाणीको रुपमा आफ्नो छारालाई म तिमीलाई यो संसारको सबै थोकहरु दिन्छु भनेर भन्दै हुनुहुन्छ । यो कुराहरु बोल्दै गर्दा १० पदमा परमेश्वरको एउटा सुझाब पनि छ ।

यसैकारण, राजा र शासकहरु बुद्धिमान होउन् र तिम्रा सम्पूर्ण शासकहरूले यो पाठ सिकुन्।

मेरो छोरा यस संसारमा आउदैछ उसको लागी मैले यो संसार दिएको छु । त्यसैले हे यस संसारका राजाहरु बुद्धिमान होओ । भनेर परमेश्वर भन्दैहुनुहुन्छ ।

मत्ति २:१ हूदिया भन्ने ठाउँको बेतलेहेम शहरमा येशूको जन्म भएको थियो। हेरोद राजा भएकोबेलामा उहाँको जन्म भएको थियो। जब येशूको जन्म भयो केही ज्योतिषीहरू पूर्वबाट यरूशलेममा आए।

यहाँ बुद्धिमान राजा र मुर्ख राजा दुबै थिए । ज्यातिषीहरु भनेको तिनीहरु राजाहरु पनि हुन सक्छ तर तिनीहरु बुद्धिमान थिए । तिनीहरु एउटा मुर्ख राजाकोमा आए । परमेश्वरले भजनसग्रहमा भन्नुभयो। हे मेरो छोरा तिमीलाई मैले यो संसारमा पठाएको छु पुरा पृथ्वि तिम्रो लागी हो । हे पृथ्विका राजाहरु हो होसियार हो ।

भजनसग्रह ७२:९-१०[9] मरूभूमिमा बसिरहेका मानिसहरूले उहाँको अघि भूँई तिर अनुहार पारेर शिर झुकाउन् उहाँको सम्पूर्ण शत्रुहरू तिनीहरूको मैलो अनुहार लिएर उहाँप्रति निहुरिउन्।
[10] तर्शीशमा बसिरहेका अनि सुदूर प्रान्तकाहरूले उहाँलाई उपहार ल्याऊन्। शेबा र शेबाका राजाहरूले उहाँ प्रति भेटी चढाऊन्।

यहाँ तिन जग तर्शीश ,सुदुर र शेबा देखी राजाहरु उपहार लिएर आउछन् भनेर भनेको छ। यहाँ दुई प्रकारको अगमवाणी छ एउटा येशुको पहिलो आगमणको अगमवाणी र दोस्रो उहाँ दोस्रो आगमणको अगमवाणी हर येशुको बारेमा अगमबाणी हुदा कि त उहाको पहिलो आगमणको नत्र भने उहाको दोस्रो आगमणको अगमवाणी

प्रकास २२:२४ [24] संसारका राष्ट्रहरु नगरको प्रकाशमा हिँडनेछन्। पृथ्वीका राजाहरुले आफ्ना गौरव त्यो नगरमा ल्याउने छन्।

राजाहरुले उनहिरुको गौरव येशुमा ल्याउनेछन् । जब येशु यस संसारमा आउनुहुन्छ यस संसारका राजाहरुले महिमा र आदर लिएर आउछन् ।

गन्ति २४:१७ [17] "म परमप्रभुलाई देख्न सक्छु, तर अहिले होइन, म उहाँलाई देख्न सक्छु, तर नजीकबाट होइन। एउटा राजा तारा जस्तै याकूबको वंशबाट आउनेछ, इस्राएलका मानिसहरूबाट एक जना शासक जन्मनेछ। मोआबी मानिसहरूको त्यस शासकले टाउको किच्चयाउनुहुनेछ अनि शेतको वंशनै ध्वंश पार्नु हुनेछ।

ताराको बारेमा लेखेको एउटा बचन मात्र छ। शासक पनि आउनेछ। याकुबको बंशबाट शासक येशु आउदा खेरी एउटा तारा देखा पर्नेछ

मत्ति २:१-२ हूदिया भन्ने ठाउँको बेतलेहेम शहरमा येशूको जन्म भएको थियो। हेरोद राजा भएकोबेलामा उहाँको जन्म भएको थियो। जब येशूको जन्म भयो केही ज्योतिषीहरू पूर्वबाट यरूशलेममा आए।
[2] ती ज्योतिषीहरूले मानिसहरूलाई यसोभनी सोधे, 'यहूदीहरूका राजा भएर जन्मेका उहाँ कहाँ हुनुहुन्छ? हामीले उहाँको तारा पूर्वमा देख्यौं जसले उहाँ जन्मेको संकेत दिएको छ। हामिले पुर्वी आकाशमा तारा उदय हुँदै गरेको देख्यौ। हामी उहाँको आराधना गर्न आएका छौं।'

यि ज्योतिषीहरुले तारा देखेर आए ।  खिष्टमस संग धर्मशास्त्र अनुसार एउटा चिन्हको स्वरुप तारा मात्र छ। सत्य एउटा मात्र छ तारा बाकि केहि पनि खिष्टमस संग जोडेकोछैन यो तारा पनि अन्य जातिको लागी हो । यदि हामीले खिष्टमसमा घरको माथी तारा राख्दा अन्य जातीहरुले हेर्दा ए यो त ईसाइ पो रहेछ भनेर चिन्हको लागी हुन्छ । तर यदि वाहिर घरको माथि तारा छ तर हृदयमा येशु जन्मेको छैन भने त्यसको कुनै अर्थ हुदैन । हामीले खिष्टमसमा गाई , गोरु , गधा खिष्टमस टि् (रुख) यो केहि पनि खिष्टमस संग बचनमा छैन ।

लुका२:४-७ [4] यूसुफ पनि गालीलको नासरत शहरबाट यहूदियाको बेतलेहेम नामक शहरमा गए। बेतलेहेम शहरलाई दाऊदको शहर भनिन्थ्यो।
[5] यूसुफ पंञ्जिकरणको लागि मरियमसंगै गए किनभने मरियमसंग उसको विवाह निश्चित भइसकेको थियो। मरियम त्यसबेला गर्भवती थिईन्।
[6] यूसुफ र मरियम बेतलेहेममा हुँदा नै बालक जन्मने समय भएको थियो।
[7] अनि तिनले जेठो पुत्र जन्माइन्। त्यसबेला धर्मशालाभित्र ठाउँ थिएन। त्यसैले तिनले आफ्नो बालकलाई लुगाहरूले बेरिन् अनि एउटा डूँडमा सुताइन।

६ पदमा पढ्दा खेरि हामी लाई थाहाँ छैन कि उनीहरु त्यहाँ कहिले पुगे  त्यसकारणले हामी भन्न सक्दैनौ कि उनीहरु बेलुका तिर पुगे होलान् र मरियमले बच्चा जन्माईन् । बचनमा यो कुराहरु लेखेको छैन यहाँ त बालक जन्माउने समय भएको थियो मात्र लेखेको छ। हामी पबित्र शास्त्र अनुसार चल्नुपर्छ। त्यो हो बिश्वास ।

होशे ११:१परमप्रभुले भन्नुभयो, "जब इस्राएल बालक थियो मैले त्यसलाई प्यारो गरें। तब मैले आफ्नो छोरालाई मिश्रदेशबाट बोलाएँ।

मत्ति २:१४-१५ 14 अनि यूसुफ उठेर सानो बालक र उनकी आमालाई साथमा लिएर त्यसै बखत मिश्रदेश तर्फ लागे। तिनीहरूले रातीनै घर छोडे।
15 हेरोदको मृत्यु नभएसम्म यूसुफ मिश्रदेशमा नै बसे अगमवक्ताद्वारा परमेश्वरले भन्नु भएको वचन यसरी पूरा भयो। परमेश्वरले भन्नुभयो, “मैले आफ्नो
पुत्रलाई मिश्र देशबाट बोलाएँ।”

येशुको जीबनमा भएको सबै पवित्र शास्त्रको अनुसार भयो । हामीले येशुको जनम ,उहाँको जीवन ,उहाको मृत्यु , सबै कुरा पबित्र शास्त्र अनुसार हो कि होइन त्यो हामीले हेर्नु पर्छ । त्यसैले जब हामी म०डली खिष्टमस मनाउछौ भने बचन अनुसार मनाउनु पर्छ । हामीले खिष्टमस मनाउदा सान्टाकस आउदैन , लाल टोपि लगाउदैनौ , खिष्टमस रुख राख्दैनौ यि सबै कुराहरु बचनमा छैन । प्रेरित को पुस्तकमा पढ्दा खेरी येशुको जन्मको बारेमा र उहाँको जन्म दिन मनाएको कुराहरु केहि लेखेको छैन अगमबक्ताहरु कसैले पनि उहाको जन्म दिन केहि मनाएनन् । हामिले एउटा येशुको सुसमाचार बाढ्ने एउटा अबसर पाएका छौ सरकारले यस दिन छुट्टि दिएको छ । त्यसकारणले यस दिन मान्छेहरुलाई येशुमा लिएर आउनको लागी हामी यस दिनको सदुपयोग गर्छौ । त्यसकारणले गर्दा आजकल एअरपोर्ट देखि पुरै शहरमा खिष्टमस भन्यो भने सान्टाकस मात्र देखिन्छ खिष्ट काहि पनि हुनुहुन्न मान्छेको लागी खिष्टमस भन्यो भने रुख र सान्टाको तिहार भनेर बुझ्दछन् । खिष्टमसको रुखले र सान्टा कसले हामीलाई उद्धार दिएको होइन हामीलाई प्रभु येशुले बगाएको रगतले हो उद्धार दिएको ।

यहुन्ना ८:४४ 44 तिमीहरूका पिता शैतान हो। तिमीहरू उसका सन्तान हौ। उसले जे चाहन्छ तिमीहरू त्यही गर्दछौ। शैतान आदिकालदेखि नै हत्यारा थियो। उ
सधैं सत्यको विरुद्धमा छ अनि उभित्र सत्य छैन। जब ऊ झूटो बोल्छ तब उसले त्यो झूठो स्वभाविक रूपले बोल्छ। हो शैतान असत्यवादी अनि असत्यको पिता

एक गिलास पानीमा एक थोपा मसि हाल्नुस् त्यसको रङ्गनै बदलिन्छ त्यसपछि दुई थोपा त्यसरीनै तिन थोपा गर्दा गर्दा पानीको नाम नीसाननै हराउछ त्यसरीनै दियाबलसले पनि आज एउटा झुट भोलि अर्को झुट मिसाएर आज खिष्टमसमा येशुनै छैन । आज मानीसहरु खिष्टमसमा खिष्टमस रुख र सान्टाकस छ कि छैन त्यो हेर्छन् । खिष्टमसलाई एउटा तिहार बनाए मनाउछौ ।सबै धरममा तिहार छ तर हाम्रो लागी खिष्टमस तिहार हुनुहुन्न खिष्टमस हाम्रो लागी येशु यस संसारमा हाम्रो पाप पखाल्नको लागी र परमेश्वर पिता संग जाने बाटो तयार पार्नको लागी आउनुभएको एउटा ठुलो सत्य हो । म०डलिहरु सत्य र बिश्वासको एउटा खम्बा हुनुपर्छ सुरुवात नै गल्ति भयो भने फेरी गल्तिमानै आगे आगे बढ्छ । जिम्मेवारी शिक्षकको माथि हो । खिष्टमस संसारको तरीकामा हामी गर्देनौ । अन्य जातीहरुलाई खिष्टमा लिएर आउदा खेरी सत्य संग झुट मिक्स गर्‍यो भने उनीहरु परमेश्वरमा कहिले पनि अगाडि बढ्न सक्दैनन् । सानो नानीहरुलाई दुधमा चिनी नहाली दियो भने त्यहि बानी हुन्छ यदि चिनी हालेर दियो भने त्यहि बानी हुन्छ ब्राउन भिटा हालेर दियो भने त्यहि चाहिन्छ साधा दुध उसलाई मन प्रदैन । यसरीनै उनीहरुको मज्जाको लागी म०डलिमा केहि कुरा पनि हाल्यो भने संसारमानै जान्छ म०डलि पनि । यसो गर्‍यो भने हामी परमेश्वरको महिमा खोज्ने होईन मान्छेलाई खुसी पार्ने बन्न पुग्छौ । म०डलि भित्र सबै आको कुरा शिक्षकले दिएको शिक्षा बाट आएको हो ।त्यसैले हामीले शिक्षा दिदा एकदम होसियार हुनुपर्छ । येशुले यसरी भन्नुभयो यदि तिमीले मलाई यो संसारमा उठायौ भने म तिमीला मेरो तरफ खिच्ने छु । हामीले सान्टा कसलाई रुखलाई बिभिन्न कुरालाई उठाउछौ हामी खिष्टमसमा सान्टा संग खेल्छ उ संगं फोटो लिन्छ त्यसको साथ साथै खिष्टमस रुख संग फोटो लिन्छौ  तर त्यति खेर येशु काहाँ हुनुहुन्छ ? यति बेला सान्टाको बिचमा म येशुको लागी खडा हुन र उहाँलाई उठाउन जरुरी छ । हामीले कहिले पनि सत्यको बिरुद्धमा र खिष्टको बिरुद्धमा जनुहुन्न । त्यसकारणले गर्दा जाहाँ सत्य छ त्यहाँ श्वतन्त्रता छ ।

यहुन्ना ५:३९ 39 तिमीहरूले धर्मशास्त्र सावधानसित अध्ययन गर किनभने तिमीहरू सोच्दछौ कि ती धर्मशास्त्रद्वारा तिमीहरूले अनन्त जीवन पाउनेछौ अनि
यिनै धर्मशास्त्रले मेरो विषयमा गवाही दिन्छ।

आफ्नो नानीहरुको जन्मदिनमा यो सबै थोक गर्नुस् तर खिष्टको जन्म दिनमा धर्मशास्त्र बिरुद्ध केहि पनि नगर्नुस् र खिष्टको जन्मदिबसमा अरु कोहि पनि उचालिनु हुन्न खिष्ट येशु मात्र उचालिनु जरुरी छ । प्रीतको पुस्तकमा जब पबित्र आत्मा तिमीहरुमा आउनुहुनेछ त्यतिखेर तिमीहरु मेरो गवाहि हुनेछ भनेर भन्नुभयो ।

यहुन्ना १६: १३-१४ 13 तर जब सत्यको आत्मा आउँदछ, उहाँले भविष्यका कुराहरू घोषणा गर्नु हुनेछ। उहाँले आफ्नो कुराहरू भन्नु हुनेछैन् उहाँले जे सुन्नु हुन्छ
त्यही बताउनु हुन्छ।
14 सत्यको आत्माले मकहाँ महिमा ल्याउनु हुनेछ। कसरी? उसले मबाट कुराहरू पाउने छन् र तिमीहरूलाई ती सबैकुरा व्याख्या गर्नेछन्। सबै कुराहरू जो
पितासंग छन् ती सबै मेरा हुन्।

पबित्र आत्माले येशुको महिमा गर्नुहुन्छ सान्टाको गर्नुहुन्न । पबित्र आत्मा जब म०डलिमा हो या हाम्रो जीवनमा काहि पनि आउनुहुन्छ भने उहाँले मात्र मात्र येशुको महिमा गर्नुहुन्छ अरु कसैको महिमा हुदैन । यदि हामीले पनि पबित्र आत्मा पाएका छौ भने त्यो येशुको गवाही हुनको लागि हो ।

यहुन्ना १८:३७ [37] पिलातसले भने, "यसर्थ तिमी एक राजा हौ?" येशूले उत्तर दिनुभयो, "तिमीले भन्यौ म राजा हुँ। त्यो सत्य हो। सत्यको साक्षीको लागि म जन्मेको थिए। त्यसैकारणले गर्दा म संसारमा आएको हुँ। अनि प्रत्येक मानिस जो सत्यको पक्षमा छ, मेरो कुरा सुन्दछ

येशुले भन्नुभयो सत्यको गवाहि दिनको लागी येशु यस संसारमा आउनुभयो । पबित्र आत्मा र येशुको गवाही दुबै को गवाही सुन्यौ ।

मत्ति १७:५ [5] जब पत्रुस कुरा गरिरहेका थिए, एक्कासि एक उज्यालो बादलले तिनीहरूलाई ढाकिहाल्यो। बादलबाट एउटा आवाज आयो। आवाज यस्तो थियो, "यी मेरा पुत्र हुन् अनि म यिनलाई प्रेम गर्दछु। म यिनीसित अति प्रसन्न छु। यिनको आज्ञा मान।"

पबित्र आत्मा भन्नुहुन्छ येशुको कुरा सुन । बाबा परमेश्वर भन्नुहुन्छ मेरो छोराको कुरा सुन येशु भन्दै हुनुहुनुन्छ जो सत्यको पक्षमा छ त्यसले मेरो कुरा सुन्छ । खिष्टमस मनाउनु ठिक हो त्यस दिन येशुलाई उठाएर अन्यजातिहरुलाई बोलाएर येशुको बारेमा सुसमाचार सुनाएर खाना खाएर मनाउन सक्छौ । हामीले खिष्टमसमा येशुलाई फर्काएर ल्याउनु पर्छ ।

*प्रार्थना*

*प्रभु धन्यबाद , धन्यबाद , धन्यबाद पुरानो शाल जे जस्ता भएर बिते पनि यो शाल देखि कुनै बेला पनि मेरो जीवन बाट तपाई उचालिनु पर्छ त्यसैले पबित्र आत्मा परमेश्वर तपाई म संग बोल्नुहोस् ताकी म अझै सत्यमा , प्रेममा , बिश्वासमा चल्नको लागी मलाई सिकाउनहोस् प्रभु । प्रभु तपाई आउनुभयो बिश्वास पनि आयो जब तपाई आउनुभएन ४००० शाल ब्यबस्थाको कब्जामा थियो ।त्यो ब्यबस्थाको श्राप बाट बचाउने बिश्वास नै थिएन प्रभु मान्छेको प्राणमा बिश्राम थिएन । जब तपाई आउनुभयो बिश्वास र बिश्राम दुबै आयो प्रभु पापको द०ड देखि मुक्ति पायो र फेरि मानछे परमेश्व संग हिड्न सके कारण तपाई सामर्थको आत्मा , प्रेमको आत्मा , बिश्वासको आत्मा हामीमा आयो । त्यो आत्मा द्धारा तपाईलाई हामीले मेरो पिता भनेर भन्न सक्यौ ॥ अब त्यो सत्यमा , प्रेममा , बिश्वासमा अगाडी बड्नको लागी अनुगह दिनुस् प्रभु किनभने तपाई सत्य मात्र होइन अनुग्रहले भरिएर अनुग्रह लिएर आउनुभयो । यो सबै कुरामा चल्नको लागी अनुग्रह चाहियो । पापको लागी कृपा र बिश्वास ,प्रेम , र सत्यमा चल्नको लागी अनुग्रह दिनुस् सारा आदर , महिमा सबै येशु मशिहको नाममा आमेन ।*